# समाज तथा राष्ट्र निर्माणमा पत्रकारको भूमिका

**Sudip Raila**
*Lecturer, Ganeshman Singh Multiple Campus, Nepal*
Email: sudipraila@gmail.com

**Article Info:** *Received: May 14, 2023; Revised: June 15, 2023; Accepted: July 18, 2023*

**लेखसार** *नेपाल पत्रकार महासंघमा आबद्ध करिब पन्ध्र हजारभन्दा बढी पत्रकारहरुमध्ये आधाभन्दा बढीलाई पत्रकारिताको मूल मन्त्रबारे अनविज्ञ रहेको पाइन्छ । कतिपयले त आफ्नो कर्म र मुख्य आयश्रोत पत्रकारिताबाट नभई अन्य विविध श्रोत रहेको पाइन्छ । यसो हुनुमा जो पत्रकार भनिन्छ उसले पत्रकारिताको धर्म निर्वाह गरेको पाइदैन । पत्रकार हुँ भनेर अनेकौ नामले राजनीति, दलाली र सौदाबाजी गरेर हिड्ने व्यक्तिहरुलाई पत्रकार भन्नु परेको छ । यस्ता कयौँ उदाहरणहरु च्याउँसरी विकास भएका मिडयाको परिचयपत्र भिरेर हिड्नेहरुलाई लिन सकिन्छ । पत्रकारको जोड समाचार, विचारलाई सत्य, तथ्य र वस्तुनिष्ठ भइ मिडियाबाट उपलब्ध गराउनु भन्ने हुन्छ । तर कतिपय पत्रकारहरु कुनै निश्चित पार्टी, दल वा संगठनका एजेण्डा बोकेर समाचार लेखन गर्छन । त्यसकारण आमसञ्चार माध्ययमप्रतिको विश्वसनीयता गुम्दै गएको छ । यस पक्षबारे विश्लेषण सहित प्रस्तुत गरिएको छ । पत्रकार कसैको प्रवक्ता होइन । उसले एकपक्षको मात्र समाचार सम्प्रेषण नगरी अर्को पक्षको भनाइलाई समेत प्रस्तुत गर्नुपर्छ । असल पत्रकारले समाज तथा राष्ट्र विकासमा ठूलो प्रभाव छर्छ । समाज रुपान्तरणमा अहम् भूमिका खेल्ने पत्रकारले पूर्वाग्रही भएर कसैको पक्षपोषण गर्नु हुदैन । असल पत्रकार बन्नलाई स्वविवेकका साथै पत्रकार आचार संहिता र राष्ट्रको मुल कानुनको पालना गर्नुपर्छ । यस लेखमा पत्रकार, पत्रकारमा सत्यता, असल पत्रकार र पत्रकारिता, पत्रकारको निष्ठामा विचलन, समाज निर्माणमा पत्रकारको महत्व विषयहरुबारे विश्लेषण तथा व्याख्या गरिएको छ । जसका कारण नव युवा पत्रकारहरुले असल पत्रकारिता गर्नेछन भन्ने अपेक्षा गर्न सकिन्छ । पत्रकारका विभिन्न लेख, रचना तथा विचारहरु दैनिक हजारौ कहाँ पुग्छन, तिनीहरूलाई ज्ञान, सूचना, शिक्षा र मनोरन्जन प्रदान गर्दछ जसले परिवार, समाज र राष्ट्र रुपान्तरणमा मद्धत पुर्‍याउँछ । पत्रकार राष्ट्रको बर्दिवेगरको सिपाही हो । समाजको ऐना हो । सिकायतखोर र टिकाखोर हो । घटनालाई जस्ताको तस्तै या स्पष्ट र पारदर्शी रुपमा समाचार पस्किन सक्ने, समाचार सुघ्न सक्ने खुवी भएको आदर्शवान व्यक्ति हुनुपर्छ भन्ने कोणबाट यो लेखलाई प्रस्तुत गरिएको छ ।*

**शब्दकुञ्जी :** *पत्रकार, पत्रकारिता, रुपान्तरण, सत्य, तथ्य, यथार्थ, निष्पक्ष, वस्तुनिष्ठ, पूर्वाग्रही, नैतिक, समाचार, सूचना, सुक्ष्म, गहनतम्, मिडिया, मिडियाकर्मी, प्रकाशन, प्रसारण, जिम्मेवार, उत्तरदायी*

## परिचय

नेपालमा पत्रकारिताको थालनी वि.सं. १९५८ बैशाख २४ गते प्रकाशित साप्ताहिक ‘गोर्खापत्र’ (गोप) को पहिलो अङ्कलाई आधार मान्दा १२२ वर्ष भइसकेको छ । यस बीचमा छापा तथा श्रव्यदृश्य (विद्युतीय) पत्रकारिताका क्षेत्रमा निकै फड्को मारिसकेको छ र पत्रकारिता पेशा व्यवसायीकरणतर्फ उन्मुख हुँदै आएको छ । यति हुँदा हुदै पनि पत्रकार र पत्रकारिताको वास्तविक काम, कर्तव्य र दायित्वतर्फ परिपक्क हुन बाँकी नै देखिन्छ ।

नेपालमा पत्रकारिता विषयमा पठन पाठन प्रारम्भ वि.सं.२०३३ सालदेखी काठमाडौको प्रदर्शनीमार्गमा अवस्थित त्रिभुवन विश्वविद्यालय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तह हुँदै वि.सं.२०३६ सालबाट स्नातक तह, वि.सं. २०५८ बाट स्नातकोत्तर तहका साथै एमफील. र पीएच.डी तहमा पत्रकारिता तथा आमसञ्चार केन्द्रीय विभाग कीर्तिपुरको “विश्वविद्यालय क्याम्पस” (University Campus, Kritipur) बाट अध्ययन तथा अध्यापन हुँदै आएको छ । यस बीचमा पत्रकारिताको व्यवहारिक तथा सैद्धान्तिक अभ्यासको ज्ञान प्राप्त भएका व्यक्तिहरुको जमात पहिलेको तुलनामा बढ्दो छ । तर निजी तथा सरकारी स्तरबाट सञ्चालित सञ्चार माध्यमहरुमा काम गर्ने व्यक्तिहरु पनि पहिलेको तुलनामा पत्रकारिता विषयको अध्ययन तथा विभिन्न पत्रकारिता तथा आमसञ्चार क्षेत्रका विविध विषयका विधाहरुमा तालिम र प्रशिक्षणबाट दिक्षित भएका व्यक्तिहरु पत्रकार बनेका पनि छन । पत्रकारिता समाज र राष्ट्रको परिवर्तन तथा जनताको रुचि तथा चाहना अनुरुप अघि बढ्नु अपरिहार्य हुन्छ ।

पत्रकारिता गर्ने व्यक्तिलाई पत्रकार भनिन्छ (अधिकारि, वि.सं.२०६३:८७) । समाजमा भए गरेका विविध समस्याहरु, बोल्न नसक्ने तथा कमजोरहरुका आवाजलाई शशक्त बनाउन श्रव्यदृश्य तथा लेखनको माध्ययमबाट कलात्मकता दिन सक्ने बहुआयामिक क्षमताले युक्त व्यक्ति हो पत्रकार । पत्रकार जनताको भित्री आँखा (चक्षु) हो जसले सूर्यको उज्यालो प्रकाश नपुग्ने ठाँउमा समेत पुगेर त्याहाँको घटना विषयलाई टप्प टिपेर मिडिया मार्फत सर्वत्र छर्न सक्छ । डा.श्रीराम खनालका अनुसार “पत्रकारजगत समाजमा प्रतिष्ठित वर्ग पनि हो । उसले समाज र राष्ट्रप्रति गहन जिम्मेवारी पाएको हुन्छ । सूचना वा जानकारीका माध्यमबाट जनताहरुलाई सुसूचित पार्नु पत्रकारको मुख्य कार्य हो” (खनाल, वि.सं.२०६०: ३१) ।

त्यसैगरी भानुभक्त आचार्यका अनुसार “दिनहुँ भइरहेका घटनाहरुको विवरण सङ्कलन तथा छनोट गरी आमसञ्चारका माध्यममार्फत त्यसलाई शब्द, आवाज र तस्बिरका रुपमा जनसमक्ष पुऱ्याउने काममा खटिएको व्यक्तिलाई पत्रकार भनिन्छ (आचार्य, २०७३ : १८६) । पत्रकार कमजोरहरुको सारथी हो । जो बोल्न सक्दैनन वा जसलाई सुनिदैन, जसका समस्याहरु कहिल्यै राष्ट्रिय बहस बन्दैनन, जसलाई

राज्यले सम्बोधन गरिरहेको हुँदैन, ती नसुनिनेहरुका विषयलाई त्यसको समाचार बनाएर आमसञ्चार माध्यमबाट जनता र राज्यबीचको संवाद गराउन महत्वपूर्ण भूमिका खेल्दछ । अर्थात पत्रकारले समाज र सरकारबीचको पूलको काम गर्छ ।

पत्रकारले कुनै महत्वपूर्ण विषयवस्तुबारे सूचना, सन्देश तथा समाचार सङ्कलन, उत्पादन र सम्पादनका साथै घटना तथा विषयबारे गहन ढङ्गबाट अध्ययन गरी त्यसको व्याख्या तथा विश्लेषण गर्छ । यसो गर्नु पत्रकारको धर्म हो । तर कस्तो सूचना दिने नदिने पत्रकारमा भरपर्छ । कुनै विषयवस्तुको समाचार बनाउदा त्यसलाई विभिन्न कोणबाट हेरेर त्यसले समाजमा के कस्तो प्रभाव छर्छ भन्ने विषयको ज्ञान हुनुपर्छ या हुन्छ । बेलायती दार्शनिक एडमण्ड बर्कले "संसदमा राज्यका तीन अंग बस्ने बताउदैं पत्रकारहरुको ग्यालरीतिर देखाएर उक्त स्थानमा चौथो अंग बस्ने र त्यो सबैभन्दा महत्वपूर्ण हुने जनाए" (कार्लाइल, सन् १९०६ (१८४१) : (१५८–१५९) । यस भनाइले पनि पत्रकार तथा पत्रकारिताको महत्व कति ओजपूर्ण छ भन्ने कुरालाई बुझ्न सकिन्छ ।

जनचासोका विविध विषयवस्तुहरु, थाहा पाउन नसकेका, लुकेर रहेका या लुकाइएका सूचनाहरु, समाजमा भए गरेका आश्चर्य र दिग्भ्रमित पार्ने घटना तथा विषयवस्तुहरु, राजनीतिक विषय वस्तुहरु, धर्म, संस्कृति, परम्परा, रीतिरिवाज, चालचलन, भेषभूषा, लवाज आदिबारे गहनतम् अध्ययन तथा खोजी गरी समाचार तथा सूचाना तयार पार्ने कार्य पत्रकारकै हुन्छ । त्यसैगरी नेपोलियन बोनापार्टले पत्रकारलाई परिभाषित गर्दै–"पत्रकार सिकायतखोर, टिकाखोर, सल्लाहाकार, वादशाहका प्रतिनिधि र राष्ट्रका सेवक हुन" *'A journalist is a grumbler, a censurer, a giver of advice, a regent of sovereigns, a tutor of nations.' (Randall, 2000*) भनी भनेका छ ।

प्रेस काउन्सिल नेपालले र नेपाल पत्रकार महासंघले जारी गरेको पत्रकार आचारसंहिता–२०७३ (पहिलो संसोधन, २०७६) अनुसारः

*"सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार व्यक्तिबाहेक सञ्चार सम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाइ पारिश्रमिक लिइ सञ्चार प्रतिष्ठानमा समाचार सामग्री सङ्कलन, उत्पादन, सम्पादन वा सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता, स्ट्रिन्जर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, साजसज्जा, प्राविधिक, स्तम्भलेखक, फोटो पत्रकार ( क्यामेरा पर्सन), व्याङ्ग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकजस्ता समाचार तथा समाचार मूलक कार्यक्रसँग सम्बन्धित व्यक्तिसमेतलाई सम्झनुपर्दछ ।"*

यसरी हेर्दा पत्रकार भन्नाले कुनै पत्रपत्रिकाको "स्तम्भ लेखक" र "विश्लेषक" पनि पत्रकार हुन । अझ यसलाई प्रष्ट रुपमा बुझ्दाखेरी नुवाकोट जिल्लाको कुनै कफि खेति कसरी गर्ने, बेमौसमी खेतीलाई कसरी त्यसको उत्पादनमा वृद्धि गर्ने, तरकारी खेती गर्दा त्यसमा प्रयोग गरिने औषधिको प्रयोग के कसरी गर्ने जस्ता विविध विषयमा केही विचार लेख तथा समाचार लेखेमा पनि उ पत्रकार हो त ? त्यसो हो भने विभिन्न राजनीतिसँग सम्बन्धित राजनीतिज्ञ वा राजनीतिक विश्लेषक, वकिल तथा संविधान विधहरु सबै पत्रकार हुने होलान । अझ अर्को बढा रमाइलो पक्ष के छ भने पत्रकारिता पढेकालाई पनि पत्रकार भन्ने गरेको सुन्दा मजाक गरेझैं लाग्छ । त्यसका साथै टेलिभिजनको पर्दा पछाडि बस्ने कम्प्युटर डिजाइनर, टेक्निसियनलाई पनि पत्रकारको संज्ञा दिने गरिन्छ । त्यसैगरी कुनै पनि मिडियाबाट मनोरञ्जनात्मक (गित संगित) तथा व्याङ्ग्यात्मक कार्यक्रम चलाउने, कुनै धार्मिक कार्यक्रम चलाउने, अर्काले समाचार तयार गरिदिएको समाचार पढ्ने र कुनै मिडियामा जागिर गरेको आधारमा पत्रकार हुन भनीएको पाइन्छ ।

**अध्ययन विधि**

मैले यो अनुसन्धानमुलक लेख तयार गर्दा विभिन्न विद्धानहरुले लेखेका लेख, रचना, पत्रकारिता तथा आमसञ्चार विषयका विभिन्न पुस्तकहरु, अनलाइन लेख, विचार, साहित्य पुनरावलोकनका साथै अन्तर्वार्ता विधिबाट व्याख्या तथा विश्लेषण गरेर तयार गरेको छु । यस अध्ययन विधिमा प्रथामिक र द्धितीय दुवैगरी मिश्रित स्रोतको रुपमा लिएको छु ।

**पत्रकारमा सत्यता**

वास्तवमा पत्रकार देश र जनताप्रति जिम्मेवार, उत्तरदायी र जनहितमा समर्पित हुन्छ । उ सधै सभ्य समाज निर्माण गर्नको लागि सत्य, तथ्य, यथार्थ, निष्पक्ष समाचार र सूचना दिनका लागि अथक प्रयासरत हुन्छ । आवाज विहिनको आवाजलाई सरकारको द्धारसम्म

पुऱ्याउन कलात्मक कार्य गर्ने एक टिकाखोर, सिकायतखोर, जनताको सेवकको रुपमा नैतिकवान र निष्ठावान भई आफ्नो कार्यमा निरन्तर खटिरहन्छ । तर उ कसैको प्रवक्ता होइन र हुनु पनि हुदैन ।

पत्रकारले विकृति, विसङ्गति, भ्रष्टाचार जस्ता विषयवस्तुको लेखन मार्फत पर्दाफास गर्दै समाजमा भए गरेका विविध राम्रा नराम्रा घटना गतिविधिहरु र जनचासोका विषयबारे खोज गर्छ । असल पत्रकारले सधै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको राम्रा नराम्रा कामहरुमाथि प्रश्न उठाउँछ र एकपक्षीय नभई अर्को पक्षको भनाइलाई समेत प्रस्तुत गरी निष्पक्षता प्रमाणित गर्छ । उ कसैप्रति पूर्वाग्रही हुदैन । कसैको पनि पक्षपोषण गर्दैन । सधैँ व्यक्ति, समाज र राष्ट्रको विकासबारे समाचार संकलन, प्रकाशन तथा प्रसारण गर्छ । साथै उसले पत्रकारिताका नैतिक मूल्यमान्यता, नीति नियम, कानुनलाई औपचारिक तथा अनौपचारिक रुपमा ज्ञान लिई पत्रकारिताको जड कुरा बुझेको हुन्छ या हुनुपर्छ । त्यसैगरी पत्रकार बेला बखतमा औपचारिक खालका कार्यक्रमहरुको आयोजना हुने सभा, समारोह, उद्घाटन, कार्यशाला गोष्टि, वार्षिकोत्सव, सरकारी कार्यालयहरु, मन्त्रालय, अस्पताल, विभिन्न विभागहरु, कानुनी अदालत, संसद, शिक्षण संस्थाहरु, उद्योगपति वा व्यवसायि, विभिन्न संघसस्थाका प्रतिनिधिहरु, मन्त्री, सचिव, अभिनेता तथा अभिनेत्री राजनैतिक दलका नेताहरु कहाँ पुगेर समाचार सङ्कलन गर्छ ।

त्यसैगरी क्युरान र सिटनले पत्रकारबारे परिभाषित गर्दै "पत्रकारको काम खेस्रा वास्तविकतालाई सुरु, मध्य र अन्त्य गरी आकर्षक कथामा परिणत गर्नु" (क्युरान र सिटन, १९९७:२७७) भनेका छन । पत्रकारले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार समितिहरुबाट, इन्टरनेट तथा अनलाइन, अनुसन्धान प्रतिवेदन लगायत अप्रत्यासित स्रोतहरु जस्तै–प्राकृतिक विपत्तिहरु सुनामी, बाढी, पहिरो, चट्याङ, भूकम्प, आँधिबेहरी, आगलागी तथा मानवद्धारा घटाइने घटनाहरु–बम विस्फोट, हत्या, हिंसा, बलात्कार, अपहरणका साथै पूर्वानुमानित स्रोत तथा विषयवस्तुहरुः मेला, चाड–पर्व, प्रदर्शनी, सभा–सम्मेलन, आन्दोलन, वार्षिक उत्सव लगायत न्यायलय, ट्रिब्यूनलस्, अर्ध न्यायिक निकाय, फैसला, फुलकोर्ट, निसाफका साथै कुनै व्यक्ति, अनुगमन, पुराना डायरी, अन्तर्वार्ता आदिलाई मुख्य श्रोतको रुपमा लिएर घटना तथा विषयवस्तुबारे समाचार सामग्री तथा विचार लेखनका साथै श्रव्यदृश्य विषयवस्तुलाई आमसञ्चारको माध्यमबाट प्रकाशन तथा प्रसारण गर्ने गर्छ ।

परशुराम खरेलका अनुसार "पत्रकार समाचार सङ्कलन र वितरणमा संलग्न हुन्छ । स्थलगत रुपमा खटिएका संवाददाता, समाचार कक्षमा भएका सम्पादक र सम्पूर्ण सम्पादकीय लेखकहरु पत्रकार हुन" *'A journalist is engaged in collecting and disseminating news. Reporters in the field, editors at the news desk and editorial writers are all journalists'. (Kharel, 2016:29)* भनी परिभाषित गरेका छन । सञ्चारकर्मीले सम्भव भएसम्म समाचार तयार पार्दा घटनास्थलसम्म पुग्छ । यदि सम्भव नभएको ठाँउमा समाचार दिने स्रोतसँग सोधपुछ तथा सत्य, तथ्य के हो, कतै घटनालाई तोडमोड गरेको त छैन भनी विशेष ध्यान दिएर समाचार तयार गर्नुपर्छ । कसैले कुनै घटनाबारे एकातर्फी वर्णन गर्दैमा त्यसबारे समाचार तयार पार्नु उत्तम होइन । घटना कुन प्रकृतिको हो ? त्यो समाचार बन्न योग्य छ या छैन ? यसले पार्ने प्रभाव तथा समाचारको आकार कत्रो छ आदि जस्ता विविध विषयबारे ख्याल गर्दै पत्रकारतिको मूल्यमान्यतालाई सिरोधार्य गर्नु नै एउटा असल पत्रकारको गुण या धर्म हो ।

**असल पत्रकार र पत्रकारिता**

एउटा असल पत्रकारमा समाचार चिन्न सक्ने खुवी (कुनचाँही समाचार हो वा होइन भन्नु) का साथै

त्यसको आकार, स्तर, स्रोत र घटनाले पाठक, श्रोता र दर्शकलाई के कस्तो प्रभाव छर्छ भन्ने विषयको ज्ञान हुनुपर्छ । पत्रकारले घटना स्थलमा पुगेर घटना हुनुको वास्तविकता तथा समाचारको मूल्य र महत्व बुझे–पश्चात रिपोर्टिङ गर्नुपर्छ । वास्तवमा मिडियाकर्मीले स्थलगत रुपमा भ्रमण गरी सही सूचना दिनु उसको कर्तव्य हो । पत्रकारले कहिल्यै पनि बाझिने गरी रिपोर्टिङ गर्नुहुदैन ।

एउटा सक्षम सञ्चारकर्मीले पर्दा पछाडि छिपाएर राखिएका कतिपय रहस्यमय घटनाहरु, कर्टन रेजरका विषयवस्तुहरु, धर्म, परम्परा, रीतिवाज, चालचलनमा आएको परिवर्तन, बदलिदो संस्कृतिको प्रभावका विषयवस्तुहरु, मनोवैज्ञानिक पक्ष, राजनैतिक उत्तरचढाव, सरकारको नीति तथा कार्यक्रमका विविध योजनाहरु कार्यन्वयन भए नभएका विषयहरु, मौलाउँदै गरेको भष्टाचारका विषयहरु, अन्तर देशबीचको सुसम्बन्ध र तिक्तता लगायत कडा तथा नरम समाचारका विषयवस्तुबारे ज्ञान हुनुपर्छ । उदाहरणस्वरुप एउटा ठेलागाढामा

तरकारी बेच्ने व्यापारी, चिया पकाएर किट्लीमा राखेर चिया बेच्ने चियावाली तथा चियावालाको वास्तविक कथा, जथाभावी रुपमा सडकमा फ्याँकिएको फोहोर (थुप्रो), अव्यवस्थित रुपमा बनाइएका घर तथा भवनहरु, गुणस्तरहिन सडक बाटो तथा सडकको किनार, कुलो, पैनी, नहरका साथै सडकको किनारमा अव्यवस्थित ढङ्मा गाडिएका विद्युतीय पोल तथा यत्रतत्र झुण्ड्याइएका तार र लठ्ठाहरु, सरकारी कार्यालयहरुमा अव्यवस्थित रुपमा लामबद्ध भएर बसेका सेवाग्राहीको लाइन, सरकारी कामकाजमा भएको ढिलाई तथा सुस्तताका साथै सेवाग्राहीलाई गरिने झर्कोफर्को र अपमान जनक प्रयोग गरिने शब्दावली, भ्रष्टाचारका साथै कुनै सरकारी तथा गैरसरकारी कार्यालयमा गरिने बिक्रीत खालका विषयवस्तुहरुमा समाचारीय मूल्य रहेको हुन्छ । त्यसबारे कुनचाँही बढी महत्वपूर्ण छ या गलत छ छुट्याउन सक्ने खुबी पत्रकारमा हुनु पर्छ ।

कहिलेकाँही समाचार दिने स्रोतले पूर्वाग्रही ढङ्गले सञ्चार गृह तथा सञ्चारकर्मीलाई समाचार दिन पनि सक्छन । यस्तो बेलामा सञ्चार गृह तथा सञ्चारकर्मीले त्यसको विश्वास झट्टै गरिहाल्नु हुँदैन । त्यसबारे सत्य, तथ्य जानकारी लिएर मात्र समाचार तयार पार्नुपर्छ । कहिलेकाँही समाचार दिने स्रोतले बलजफती नै यो समाचार तपाइँको सञ्चारमाध्यमबाट प्रकाशन तथा प्रसारण गर्नुहोस भनि धम्कि समेत दिन सक्छन । यस्तो बेला पत्रकारले आफ्नो धर्म छाड्नु हुदैन ।

त्यसका साथै पत्रकारमा विषयवस्तु र आफ्नो कामप्रति रुचि, स्वास्थ्य, काल्पनिक, विज्ञापन र समाचार छुट्याउन सक्ने खुवी, परिश्रमी, अध्ययनशील, सहनशील, साहशी, कठिन घडिमा पनि काम गर्न सक्ने, आँटिलो, कुनै पार्टी तथा दलमा सामेल नभएको, उत्सुक, शैक्षिक योग्यता कम्तिमा स्नातकसम्म भएको, प्राविधिक ज्ञान भएको, फोटो तथा भिडियो क्यामेरा चलाउन सक्ने, सम्पादन गर्न सक्ने खुवी भएको, फोटो शप तथा भिडियो इडिटिङको सामान्य ज्ञान भएको, सर्ट ह्याण्डको साथै बहुभाषाको ज्ञान भएको, बोलीमा मिठास, सुसिल, विनित, नम्र, सधैँ हँसिलो अनुहार बनाउने, नैतिक सदाचार, कानुनको पालनाकर्ता, राम्रो जनसम्पर्क, अनुशासित, गोप्यता राख्न सक्ने, विश्वासपात्र, धैर्यशील, स्पष्टता, निष्पक्षता, सत्यता, तटस्थता, जवाफदेहीता जस्ता गुणले युक्त भएको हुनुपर्छ ।

**पत्रकारको निष्ठामा विचलन**

पत्रकारको जोड समाचार, विचारलाई सत्य, तथ्य र वस्तुनिष्ठ भई मिडियाबाट प्रकाशन तथा प्रसारण गर्ने हुन्छ । तर कतिपय समयमा पत्रकारलाई त्यो गलत हो भन्ने थाहा पाउँदापाउँदै पनि तारन्तार झुटो समाचारलाई प्रकाशन तथा प्रसारण गरेको पाइन्छ । जस्तै सन् २०२० मा अमेरिकी राष्ट्रपतिको चुनावमा भएको धाँधलीलाई फक्स न्युजले गरेको तारन्तार प्रसारणको कुरा अन्त्यमा आएर मुनाफालाई गरिएको थियो भनी ग्राह्यता दियो । त्यसैगरी चुनावी प्रचार प्रसारमा गरिएका धाँधलीलाई मिडियाबाट व्यापक प्रकाशन तथा प्रसारण गर्ने संस्कृतिको विकासका साथै कोभिड–१९ को समयमा यो कोरोना भन्ने रोग नै छैन भनी कयौं अनलाइन तथा सामाजिक सञ्जालबाट नक्कली समाचार तथा सूचनाको धाराप्रवाह गरेका थिए । त्यस्ता समाचार तथा विचार व्यक्त गर्ने ती सबै पत्रकारलाई असल पत्रकार हुन भन्न नसकिएला ।

पत्रकारितामा भर्खरै भए गरेका राजनैतिक, आर्थिक, सामाजिक लगायत मानवीय क्रियाकलापबाट गरिएका बिकृत खालका विविध विषयबारे मात्र समाचार दिनु पर्छ भन्ने हुन्न । त्यसको स्तर तथा समाचारको प्रभाव जस्ता विविध पक्षबारे नापजाँच गरेर मात्र समाचार दिने गर्नुपर्छ । कुनै पार्टीका नेता हुन भन्दैमा उनले जेजे बोल्छन तथा कुनै सडक गल्लीमा कसैको झगडा (वाजावाज) तथा हानथाप भो भन्दैमा समाचार भई हाल्दैन । तर ख्याती कमाएको कुनै नेता, कलाकार, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलाडी, समाजका लब्ध–प्रतिष्ठित व्यक्ति हुन भने बन्न पनि सक्छ त्यसबारे पत्रकार निकै चनाखो हुनु पर्छ । तर विशेषत नेपाली अनलाइन मिडियाहरुमा भारतीय चलचित्र अभिनेत्री तथा नेपालका अभिनेत्रीको जन्मोत्सव , विवाह पछि हनिमुन मनाउन गए देखी पेटमा गर्भ रहेका विविध विषयलाई मुख्य समाचारको रुपमा प्रकाशन तथा प्रसारण गर्ने गरेको पाइन्छ । यस्ता विषयले समाज तथा राष्ट्र रुपान्तरणमा कस्तो प्रभाव पार्न सक्ला, यस विषयमा पत्रकारले सदैव ख्याल राख्नु पर्छ ।

त्यसैगरी नेपालको परिप्रेक्षमा भन्नुपर्दा मदन भण्डारीको हत्याकाण्ड (वि.सं.२०५० जेठ ३) , विरेन्द्रको राजपरिवार दरवार हत्याकाण्ड ( वि.सं २०५८ जेठ १९), बलात्कारपछि मारिएकी निर्मला पन्तको घटना (वि.सं.२०७५ साउन १०), माओवादी द्वन्दकालिन समयमा सरकारबाट र माओवादीको तर्फबाट बेपत्तापारिएका सर्वसाधारण नागरिक तथा माओवादीका जनमुक्ति सेना आदिबारे कतिपय खोज गरिएका र खोजी गर्न बाँकी मुद्दाहरुको अनुभवी पत्रकारद्धारा स्तरीय र परिपक्क समाचार पस्कनु पर्ने हो । तर त्यसबारे खासै चासो

बढेको नपाइनुले नेपाली पत्रकारिता जगतमै प्रश्न चिन्ह खडा हुने स्थिति रहेको छ । खोज तथा अनुसन्धान गरेकै छैनन भन्न खोजेको होइन तर त्यसलाई अझ गहनतम् अध्ययन गर्न पत्रकार किन अघि नसरेका हुन यसमाथी पनि जनमानसमा प्रश्न उब्जिएको छ । नेपालमा विशेषत खोजमुलक पत्रकारिताको विकास राम्रोसँग भएको छैन भन्दा फरक नपर्ला । तसर्थ एउटा असल पत्रकारले यस्ता विषयमाथी विशेष ध्यान दिनु पर्छ ।

**समाज निर्माणमा पत्रकारको महत्व**

राजनैतिक दलहरुले एक अर्कामा गरेका राष्ट्रियहित सहमति सहकार्य सार्वभौमिकता जस्ता साझा सवालबारे सरोकारवालाको दायित्व बोध गराउनु पर्ने काम पनि पत्रकारको दायित्व भित्र पर्छ । विदेशी हस्तक्षेप, सीमाअतिक्रमण, वैदेशिक ठगी, निजी स्कुल तथा कलेजले गरेको आर्थिक एकाधिकारका साथै व्यापार, निजी अस्पतालले सेवाको अलवा गरिब जनतामाथी गरेको आर्थिक शोषण, मानव बेचबिखन, भ्रष्टाचार, वेथिति, सुन तस्करी, भारतबाट नेपाल भित्रिने खाद्य सामग्रीमा भन्सार छल्न नक्कनी बिलको प्रयोग, खाद्य पदार्थमा विषादीको प्रयोग, स्थानीय तथा नेपाल भित्र उत्पादन भएका कृषि तथा खाद्यान्न लगायत राष्ट्रिय सरोकारका विषयमा सञ्चारकर्मीले कलम चलाउनु पर्छ । राजनैतिक दलहरु सत्ता हत्याउँन र आफू कसरी शक्तिमा रहने भन्नेमा उद्धत हुन्छन । दलहरु तथा सरकारलाई राष्ट्र र जनताका साझा मुद्दाहरुप्रति जवाफदेही बनाउँन र एक खाले मत तथा सोचको विकास गराउनका लागि सञ्चारकर्मीले मिडिया मार्फत खबरदारी गर्नुपर्छ । यी र यस्ता विषयहरुलाई पुरा गर्न पत्रकारको महत्वपूर्ण दायित्व अन्तर्गत पर्छ । बदलिदो परिस्थितिमा बढ्दो चुनौतिहरुको सामाना गर्दै सामाजिक, आर्थिक, राजनीतिक, अन्तर्राष्ट्रिय कुटनैतिक सम्बन्ध जस्ता विविध सवालका लागि उत्तरदायी भूमिका निर्वाह गर्दै वैज्ञानिक खोजमुलक विषयवस्तुबारे गहनतम् ढङ्गबाट समाचार, विचार, लेख प्रकाशन तथा प्रसारण गर्न सक्ने हुनुपर्छ ।

पत्रकारले महत्वपूर्ण विषयको सूचना दिन, शिक्षा दिन, सामाजिकीकरण गर्न, आम जनमानसको सोचमा सकारात्मक प्रभाव पार्न पारदर्शिता सृजना गर्न, सामाजिक कुरीतिसँग लड्न सक्ने क्षमताको वृद्धि र विकास गर्न, राष्ट्र र समाजलाई सुसंस्कृत बनाउनका साथै जनतालाई चेतना अभिवृद्धि गर्न, घटना र विषयवस्तुको वास्तविक रुपमा गहनतम् ढङ्गबाट त्यसको खोज अनुसन्धान गर्ने कार्य गर्छ । साथसाथै गाउँ, शहर, देश–बिदेशका विविध विषयवस्तुहरु जस्तै सामाजिक, सांस्कृतिक, वातावरण, विज्ञान प्रविधि, आर्थिक, राजनीतिक, युद्ध, हड्ताल, चोरी, डकैती, यौन हिंसा, आगलागी, बाढी, पहिरो, जंगली जनावरले दिएको दुःख जस्ता विविध गतिविधिको समाचार सङ्कलनमा अहोरात्र खट्दछ ।

तसर्थ व्यक्ति, समाज, राष्ट्रिय चरित्र तथा त्यसको स्वरुप के कस्तो छ सोही अनुरुप मिडिया प्रतिबिम्बित हुन्छ । मिडिया मानव समाजको अन्तरचक्षु हो । यसले समाजलाई सही मार्गनिर्देशनको लागि के कस्ता विषयवस्तुबारे समाचार तथा सूचना तयार गर्ने भन्ने कुराको ज्ञान पत्रकारमा हुनुपर्छ । पत्रकारले–सडकदेखी राज्यको महत्वपुर्ण निकायहरुमध्ये न्यायपालिका, कार्यपालिका र व्यवस्थापिकामा भए गरेका कामकारवाही र सर्वसाधारण वा भूँइमान्छेका आवाजहरुलाई सत्य, तथ्य यथार्थ, वस्तुनिष्ठ भई समाचार तथा सूचना तयार गरी मिडियाको माध्यमबाट प्रकाशन तथा प्रसारण गरी न्यायलयको ढोकासम्म ढकढक्याउने, खबरदारी गर्ने तथा जनतालाई सुसूचित गर्ने कार्य गर्छ । त्यसका साथै समानता, सुशासन, न्याय र समाजलाई सकारात्मक बाटो तर्फ लैजान विविध विषयवस्तुबारे समाचार, लेख रचना आदिको पनि लेखन गर्छ ।

**विश्लेषण तथा विवेचना**

समाचार सूचना हो, प्रकाश हो, ज्ञान हो । समाचार बनाउँदा पत्रकारले विविध घटकहरुबारे ध्यान दिँदै समाचारलाई सत्य, तथ्य, यथार्थ, वस्तुनिष्ठ छ छैन त्यसको जाँच गरी तयार गर्नुपर्छ । त्यसका साथै राजनीतिक सङ्लघ्नता र पक्षधरलाई बिर्सिएर सधै सत्यको खोजी गर्नुपर्छ । समाज परिवर्तनमा मेरो दायित्व छ भन्ने विषयको सधै हेक्का राख्नुपर्छ अर्थात समाजप्रतिको दायित्व निर्वाह गर्नुपर्छ । पत्रकारले सबैको कुरा सुन्ने र आफूले सही विवेकको प्रयोग गर्नुका साथै सामाजिक सवालमा निष्पक्ष भूमिका विर्वाह गरेर ठोस निकासका लागि पहलकदमी गर्नुपर्छ । पत्रकारिता पेशामा लागेका मिडियाकर्मीहरुले विसङ्गति विकृतिप्रति खबरदारी गर्दै स्पष्ट विचारसहित सही अभिव्यक्तिको सञ्चार, आफ्नो पेशागत इमान्दारीता र आदर्श स्थापित गर्न सक्नुपर्छ ।

समाजमा भएका विविध घटनाहरु जस्तै आँधिवेहरी, युद्ध, हड्ताल, महामारी, भुकम्प, बाढी पहिरो, आगलागी, हत्या, हिंसा, बलात्कार, चोरी, डकैती, लुटपात, सीमाअतिक्रमण, मौसम अदलबदल, मुद्रा स्फितिमा घटबढ, भ्रष्टाचार, मानव बेचबिखन, नयाँ आविष्कार, विकास तथा अविकास जस्ता विविध पक्ष तथा विषयवस्तुबारे जस्ताको तस्तै सूचना तथा जानकारी दिनको निमित्त दिनरात नभनी समाज र राष्ट्रको हितमा काम गर्ने कलमवीर हो पत्रकार । जनताको हितकारी सेवामा जुटिरहने एक समाजसेवी  हो पत्रकार । उसले आफ्नो राष्ट्र र राष्ट्रियताको हितमा कानुनको अधिनमा रही नैतिक आचरण, पत्रकारिताको मूल्यमान्यतालाई सिर्योधार्य गर्दै आफ्नो काममा अग्रसर भइरहनुपर्छ । त्यसका साथै अपराध रिपोर्टिङ, विकास तथा अविकासबारे रिपोर्टिङ, अदालत रिपोर्टिङ, मौसमी तथा वायू सम्बन्धी रिपोर्टिङ, खेलकुद रिपोर्टिङ, संसदीय रिपोर्टिङ, एजेन्सिहरुको रिपोर्टिङ, विज्ञापन रिपोर्टिङ लगायत विभिन्न विषयहरुबारे गहन ढङ्गबाट समाचार संकलन तथा रिपोर्टिङ गर्ने कार्य पत्रकारकै हुन्छ ।

त्यसैगरी सत्य, तथ्य र वस्तुपरक, प्रेस स्वतन्त्रताको सम्मान तथा रक्षा, गोपनीयताको सम्मान, स्वच्छ अभिरुचि, निहित स्वार्थबाट टाढा, निष्पक्ष र स्वच्छता, कानुनको सम्मान, इमान्दार, न्याय र साहस, नैतिक सदाचार, समाजप्रति जिम्मेवार र सार्वजनिक भलाई, नेपालको संविधान २०७२ को सम्मान, पत्रकार आचारसंहिता वि.सं.२०७३ को सम्मान, धर्म, संस्कृति, अदालतको मानहानि जस्ता विविध पक्षबारे ख्याल गर्दै पत्रकारले समाचार संकलन, सम्पादन, प्रकाशन र प्रसारण गर्नुपर्छ । त्यसका साथै पत्रकारकाले तयार पार्ने कुनै पनि समाचार, विचार तथा लेख एक्यूरेसी, इन्डिपेन्डेन्स, इम्पार्सियालिटी, ह्युमानिटी र एकाउन्टबिलिटी हुनु पर्छ ।

पत्रकार आचारसंहिता, २०७३ दफा ४ (११) राष्ट्रिय विपद्मा संयम : पत्रकार तथा सञ्चार माध्यमले प्राकृतिक विपद्, विशेष संवेदनशील अवस्था वा घटनाका सम्बन्धमा सूचना सङ्कलन र सम्प्रेषण गर्दा संयमित भई व्यक्तिको जीवनमाथिको खतरा, सार्वजनिक सुरक्षा, जनस्वास्थ्य, सामाजिक सद्भाव जस्ता विषयमा विशेष संवेदनशीलता र सतर्कता अपनाउनु पर्दछ ।

त्यसैगरी दफा ५ को (१) मा सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने : पत्रकार तथा सञ्चार माध्यमले नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता, राष्ट्रियता र स्वाधीनता विरुद्ध एवं विभिन्न जात–जाति, धर्म, सम्प्रदाय, भाषा, संस्कृतिबीचको सुसम्बन्ध र सामाजिक सद्भावमा खलल पार्ने, जातीय भेदभाव वा छुवाछुतलाई दुरुत्सानहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन ।

प्रेस काउन्सिल ऐन, २०४८ को दफा ७ को खण्ड (ख) ले दिएको अधिकार प्रयोग गरी र नेपाल पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता, २०७३ अनुसारः

प्रेस स्वतन्त्रताको संरक्षण र संवर्द्धन, मानव अधिकार, अन्तर्राष्ट्रिय सम्बन्ध र सुसूचित हुने हकको सम्मान, पेशागत मर्यादा तथा व्यवहार, सामाजिक दायित्व, सम्पादकीय स्वतन्त्रताको सम्मान, सत्य, तथ्य, सन्तुलित र वस्तुनिष्ठ सूचना सम्प्रेषण, समाचार विचार र विज्ञापन छुट्टिने गरी सम्प्रेषण, गोप्य स्रोतको संरक्षण, गोपनीयताको हकको सम्मान, भ्रमण तथा लेखनवृत्तिमा पारदर्शिता, राष्ट्रिय विपद्मा संयम, मत सर्वेक्षणमा सतर्कता, अन्तर्वार्तामा सजगता, अनलाइन सञ्चार माध्यमको जिम्मेवारी, गल्ती सच्याउन तत्परता भनि १५ वटा बुँदाहरुमा पत्रकार र सञ्चार माध्यमले कर्तव्य पालना गर्नुपर्नेछ भनि भनिएको छ ।

त्यसैगरी पत्रकार र सञ्चार माध्यमले  देहाय अनुसार कार्यहरु गर्नुहुँदैन भनि निम्न कुराहरु भनिएको छ :

सार्वभौमसत्ता, राष्ट्रिय एकता र सामाजिक सद्भावमा खलल पुग्ने, भेदभाव हुने गरी र निजी स्वार्थ पूर्तिका लागि सूचनाको सम्प्रेषण, हिंसा, आतंक र अपराधलाई प्रश्रय हुने, पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचनाको सम्प्रेषण, घटनासँग असम्बन्धित व्यक्तिको नाम उल्लेख, बीभत्स दृश्य र तस्बिर प्रकाशन वा प्रसारण, फोटो तथा दृश्यको गलत प्रयोग, विज्ञापनलाई समाचार र समाचारलाई विज्ञापनका रुपमा प्रस्तुति, पेस्ट डिलिट, अनुचित दवाब वा सम्बन्ध, प्रविधिको अदृश्य प्रयोग, न्याय निरुपणमा प्रभाव, पेशागत मर्यादा विपरीत उपहार तथा पुरस्कार ग्रहण, मर्यादा र आत्मसम्मान प्रतिकूल असर, जनस्वास्थ्य वा व्यक्तिको स्वास्थ्यका सम्बन्धमा अतिरञ्जित आदि गर्न नहुने भनि भनिएको छ ।

तसर्थ, पत्रकारको काम घटना भएको ठाँउसम्म पुगेर कहाँ, के, को, कहिले, किन र कसरी भयो भन्ने जस्ता प्रश्नहरुको जवाफबाट घटनाको वास्तविकता तथा त्यसको जड कुराबारे सुक्ष्मतम् अध्ययन अनुसन्धान गरी समाचार तथा  रिपोर्टिङ गर्नु हो । त्यसैले पत्रकारको धर्म समाचारलाई सत्य, तथ्य, यथार्थ, वस्तुनिष्ठ र सन्तुलनका साथै कसैको पक्षपोषण र धाक, धम्की तथा डरमा नपरी समाचार र

सूचना दिनु, स्वतन्त्र रुपमा समाचार सङ्कलन, सम्पादन, पूर्नलेखन गर्नु या घटना तथा विषयवस्तु जे हो त्यही समाचार तथा सूचना पस्कनु पत्रकारको दायित्व हो ।

**निष्कर्ष:**

मिडिया समाज तथा राष्ट्रको दर्पण हो । समाज अनि राष्ट्रको चरित्र र स्वरुप जस्तो छ त्यस्तै प्रतिरुप मिडियामा प्रतिबिम्बित हुन्छ । समानता, सुशासन र न्याय र समाजलाई सकारात्मक बाटो तर्फ लैजान पथ–प्रदर्शकको काम पनि गर्छ । विगतदेखि वर्तमानसम्मको समाजको यथार्थ वस्तुस्थितिको बारेमा चित्रण तथा संरक्षण संवर्द्धन गर्छ । मिडियाले भविष्यमा देख्न चाहेको संसार आदिको बारेमा यर्थाथतामा व्याख्या र विश्लेषण पनि गर्छ । विचार कुनै अमुख व्यक्तिको धारणा हुन सक्छ भने समाचार तथा सूचना सबैका हित र अहित दुबैको लागि हो । समाजलाई सही, तथ्यपरक र विश्वसनीय सुचना धाराप्रवाह गर्दै शिक्षा दिनु वा चेतनाको विकास गर्नका लागि पत्रकारले विभिन्न कोणबाट समाचार तथा विचार लेखन गर्छ ।

नेपालको वर्तमान परिप्रेक्षमा पत्रकारिताको बारेमा ज्ञान नभएका व्यक्तिले कुनै कम्पनीको नाममा अनलाइन मिडिया दर्ता गरेर आफू त्यस मिडियाको प्रधान सम्पादक तथा प्रबन्ध निर्देशक⁄सम्पादक बनेर एक दुई जना पत्रकारलाई तलब दिई आफू बरिष्ठ पत्रकार हुँ भनी सामाजिक पद, सम्मानका साथै आफ्नो र सम्बन्धित पार्टीको स्वार्थपूर्तिका निमित्त पत्रकारको बिल्ला बोकेर हिड्नेहरुको ठूलो भिड रहेको पाइन्छ । तसर्थ कुनै व्यक्तिले आमसञ्चार माध्यमबाट पत्रकारिता सम्बन्धी कुनै पनि काम गरेतापनि उसलाई पत्रकार भन्न सकिदैन या हुँदैन । यसले नेपाली पत्रकारिता जगतमै ठूलो बेइमानी पैदा गर्न सक्छ ।

पत्रकारले समाजमा घटित या घटेका विविध विषयवस्तु तथा समस्याका बारेमा मात्र लेखन गर्दैन उसले न्यायका लागि पनि समाचार विचारहरु श्रव्यदृश्य तथा लेखनको माध्यमबाट जनतालाई सचेत गराउनुका साथै  समस्याहरुलाई जस्ताको तस्तै समाचार र विचारहरु मिडियाको माध्यमबाट प्रवाह गर्छ । पत्रकारलाई पत्रकारिताको सैद्धान्तिक मूल्यमान्यता, पत्रकार आचारसँहिता, देशको मुल कानुन, धर्म, संस्कृतिको ज्ञान हुनुपर्छ । यस्तो ज्ञान नभइकन कुनै पनि आमसञ्चार माध्ययमबाट लेख रचना, विचार तथा कार्यक्रम चलाउने तर पत्रकारिताको धर्म ननिभाउने व्यक्तिलाई पत्रकार भन्न सकिदैन । र त्यस्तो व्यक्तिलाई पत्रकार भन्नु पनि हुदैन । उदाहरणको लागि गाडिको लाईसेन्स ट्रायल नदिई नक्कली लाईसेन्स लिएर गाडि चलाए झै हो । उसलाई सक्कली चालक वा ड्राइभर भन्न मिल्दैन । त्यसैगरी डाक्टरको झै ड्रेस (सेतो सर्ट) लगाएर औषधि बेच्ने तर फार्मेसी नपढेकोलाई चिकित्सक भने झै हो ।

पत्रकारले अन्याय, अशिक्ष, बेरोजगारी र राज्यका निकायभित्रका बेथितिबारे मिडिया मार्फत उजागर गरेर सरकारलाई काम गर्न सहज बनाइदिने पूलको काम गर्छ । नागरिकका समस्यालाई एक एक गरी राज्यलाई जागरुक बनाउन दायित्व बोक्न सक्ने हुनुपर्छ । राष्ट्रललाई कस्तो बनाउने ? राज्यको सेवालाई अझ झन प्रभावकारी बनाउन के कस्तो भूमिका खेल्ने ? कस्ता समाचार र विचार, लेख  मिडियाको माध्ययमबाट प्रकाशन तथा प्रसारण गर्ने भन्ने पत्रकारको दायित्व अन्तर्गत पर्छ । अन्त्यमा, कोही कसैले दबाउन चाहेका कुरा वा समाजमा देखापरेका विकराल समस्याबारे के लेख्ने या के नलेख्ने भन्ने विषय सबैभन्दा महत्वपूर्ण हुन्छ । त्यसबारे कुनचाँही समाचार हो चिन्न सक्ने खुबीका साथै मर्यादित र अनुसासित भई सत्यापन, निष्ठापन र आदर्शवान बन्नु नै असल पत्रकारको कर्तव्य या धर्म हो । पत्रकारिता साध्य नभएर साधन हो भन्ने  विषयको ज्ञान पत्रकार र सञ्चार माध्यमलाई बोध हुनु पर्छ ।

**सन्दर्भ सामग्री**


Randall, D. (2000). *The universal journalist.* Cape Town, SA: University of Cape Town Press.

Curran, J. & Seaton, J. (1997). *Power without responsibility*. London: Routledge.

Kharel, P. (2016). *A Study of Journalism*. Kathmandu: Mandap Books

Adhikari, Nirmalmani (2063). *Mass Communication & Journalism (Theoretical as well as Practical).* Kathmandu: Prashanthi Pustak Bhandar

Achrya, B. B. (2073). *Mass Communication & Journalism Studies*. Kathmandu: Neema Pustak Prakashan.

Khanal, S. R. (2060). *Practical Journalism.* Kathmandu: Viddharthi Pustak Bhandar

Press Council of Nepal [PCN] (2016). *Journalist' Code of Conduct Nepal*, Press Council of Nepal, Kathmandu.

Press Council of Nepal [PCN] (2048). *Press Council Act,* Press Council of Nepal.

Ministry of Law [MOL] (2015). Constitution of Nepal.

https://www.martinchautari.org.np/storage/files/media-adhyayan-9-commentary-tilak-pathak.pdf